# श्रमको सम्मान, राष्ट्रको अभियान

## प्रधानमन्त्री रोजगार कार्यक्रम

## आर्थिक वर्ष २०८०/०८१

## वार्षिक प्रगति प्रतिवेदन

### मंगलसेन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### (रोजगार सेवा केन्द्र)
### मंगलसेन, अछाम

**प्रतिवेदन सारांश**

नेपालको संविधान, २०७२ को धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकको रुपमा समावेश गरेको अवस्थामा सो मौलिक हकको कार्यान्वयन गर्न रोजगारी हक सम्बन्धि ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भएको छ । सो ऐनले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरि बेरोजगारहरुको पहिचान र सूचीकरण गर्ने तथा रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गरेको छ। यस नगरपालिकामा २०७६ साल बैशाख ३ गते देखि औपचारिक रुपमा रोजगार सेवा केन्द्रको स्थापना भई सञ्चालनमा रहेको छ । ऐन नियमावलीमा भएको व्यवस्था अनुसार अनुसार आ.व.२०८०/८१ मा निवेदन दिएकाहरुलाई आगामी आ.व.२०८१/८२ मा न्यूनतम रोजगारीमा समावेश गरिन्छ ।

यस नगरपालिकामा कुल २४८४ जना बेरोजगार व्यक्तिहरु सूचीकृत रहेका छन । सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा समावेश गर्न युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संचालन गर्न रु. ४३,१२००० र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गर्न रु. ४३००००० रुपैया बजेट विनियोजन गरिएको थियो । उल्लेखित कुल बजेट ८६,१२००० रहेको छ । त्यस मध्येमा कुल खर्च भएको रु. ८४,६९,८९७ रहेको छ । बाकी खर्च नभएको रकम १ लाख बयालीस हजार १ सय ३ रुपैया रहेको छ । सूचीकृत गरिएका बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा सामिल गराउन वडा बाट मुख्य प्राथमिकताका आधारमा छनोट गरेका आयोजना मध्ये नेपाल सरकार बाट संचालित आयोजना १२ वटा र विश्व बैङ्क आ.ई.डि ए अन्तर्गत ८ वटा गरी जम्मा २० वटा रोजगारमूलक आयोजनाहरु संचालन गरिएको थियो । यस नगरपालिकाको सबै वडाहरुमा रोजगारमूलक आयोजना संचालन गरी ज्यालाको लागि वितरण भएको जम्मा रकम रु ६२,१२,४०० रहेको छ भने जस मध्ये कुल १% करकट्ट गरी सबै श्रमिकको खातामा भुक्तानी गरिएको जम्मा रकम रु. ६१,५०,२७६ रहेको छ भने जस मध्ये ९३ जना बेरोजगार व्यक्तिले अधिकतम १०० दिनको रोजगारी प्राप्त गरी कुल जम्मा ९३०० दिनको रोजगारी प्राप्त गरेका थिए । यस प्रधानमन्त्री रोजगार कार्यक्रम बाट शैक्षिक बेरोजगार भन्दा बढि आर्थिक रुपमा कमजोर र एकल महिला, विपन्न, दलित, निरक्षर लगाएतका व्यक्तिहरु बढि लाभान्वित भएका छन ।

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकको रुपमा समावेश गरेको छ । सोहि मौलिक हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धित ऐन, २०७५ जारी समेत भइसकेको छ । नेपाल सरकारले सार्वजनिक विकास निर्माणका कार्यहरुमा विभिन्न निति तथा कार्यक्रम र बजेट मार्फत रोजगारीका अवसर सिर्जना गरी कुनैपनि नेपाली नागरिक बाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको छ ।रोजगारीको हक सम्बन्धि ऐन, २०७५ ले प्रत्येक स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई

एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गरिने व्यवस्था गरेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निजि सहकारी तथा गैर सरकारी क्षेत्रसँग समेत समन्वय र सहकार्य गरी ती क्षेत्रहरुसँग थप रोजगारीको अवसर सिर्जना गरिनेछ । श्रमिकमा हुने क्षमता तथा सीप अभावका कारणले बजारमा देखिएका श्रमिकको माग र आपूर्ति विचको अन्तरलाई कम गर्न यस कार्यक्रम अन्तर्गत श्रमिकको दक्षता र सीप विकास तालिम कार्यक्रम संचालन गरिनेछ ।कामको सम्मान गर्ने संकृतिको विकास गर्न श्रमको सम्मान राष्ट्रको अभियान जस्ता चेतनामूलक कार्यक्रम समेत देशव्यापी रुपमा संचालन गरिनेछ ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहको मातहातमा रही कार्य गर्ने गरी रोजगार सेवा केन्द्रको स्थापना हुने व्यवस्था गरे अनुसार मंगलसेन नगरपालिकामा विधिवत रुपमा मिति २०७६ बैशाख ३ गते रोजगार सेवा केन्द्रको स्थापना भएको हो।कार्यविधिमा भएको व्यवस्था तथा मन्त्रालयको पत्र बमोजिम सबै वडा कार्यालयहरुमा सुचना पठाई मिति २०७६ बैशाख १५ गते देखि नै बेरोजगार व्यक्तिहरुको पहिचान तथा सूचिकरणको लागि वडा कार्यालयहरु मार्फत निवेदन नमाग तथा संकलन गरिएको थियो। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारको प्रत्याभूति गरिने व्यवस्था गरेको छ। यसरी सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यवसायिक कृर्षि, सिंचाई, खानेपानी, सरसफाई, नदि नियन्त्रण, वन, पर्यटन, यातयात, पूर्वाधार लगायतका अन्य सार्वजनिक निर्माण कार्यमा रोजगारी प्रदान गरिने छ। प्रधानमन्त्री रोजगार कार्यक्रमले यी कामहरुको अलावा बेरोजगार व्यक्तिहरुको लागि रोजगार सेवा तथा सहायता, बेरोजगार व्यक्तिहरुको क्षमता अभिवृद्धि तथा स्वरोजगारी, रोजगारी सृजनामा नीजि क्षेत्रहरुसँग सहकार्य र समन्वय समेत गरिनेछ ।

## २. कार्यक्रमको दिर्घकालिन सोच

ज्ञान, सीप र क्षमतायुक्त प्रतिस्पर्धी श्रमशक्तिको विकास र उत्पादनशील आन्तरिक रोजगारी सिर्जना मार्फत श्रमशक्तिको स्वदेशमै पूर्ण उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न **सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु** यस कार्यक्रमको दिर्घकालीन सोच रहेको छ ।

## ३. कार्यक्रमको लक्ष्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले स्वदेशमा नै रोजगारीका अवसरहरु सृजना गरि आगामी ५ भित्र वैदेशिक रोजगारीमा जाने वाध्यात्मक अवस्थाको अन्य गर्नका लागि **"आन्तरिक रोजगारिका अवसरमा वृर्दि र समाजिक संरक्षणको प्रवर्द्धन"** लक्ष्य निर्धारण गरेको छ ।

## ४. कार्यक्रमको उद्देश्य

- बेरोजगार व्यक्तिहरुको सूचना संकलन गर्ने ।
- रोजगारका अवसरहरुको पहिचान र सूचना प्रवाह गर्ने ।

- रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी दिने ।
- रोजगार सम्बन्धि अन्य सेवा प्रवाह गर्ने ।
- दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।
- सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने ।
- सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने ।
- आन्तरिक रोजगारी सिर्जना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

## ५. रोजगार सेवा केन्द्रबाट प्रवाह गरिने सेवाहरु

रोजगार सेवा केन्द्रबाट प्रदान गरिन सेवाहरु निम्नानुसार रहेका छन।

- बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन तथा विश्लेषण
- सार्वजनिक निर्माण कार्यमा रोजगारीमा खटाउने कार्य
- श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम
- रोजगार संवाद्ध मंच संचालन गठन
- स्थानीय तहको रोजगार रणनिति अध्यावधि/तर्जुमा कार्य
- नयाँ र पुनः श्रम स्वीकृति सम्बन्धी सेवा
- रोजगार परामर्श सेवा
- रेडियोमार्फत र कार्यक्रम मार्फत टोलटोलमा सूचना प्रवाह ।
- रोजगार सेवा केन्द्रको कामकाजलाई अगाडी बढाउनको लागि स्थानीय रोजगार निर्देशक समितिको बैठक आदि ।

## ६. सम्पन्न भएका क्रियाकलाप/कार्यहरु

यस नगरपालिकाको रोजगार सेवा केन्द्रले आ.व. २०८०/०८१ मा तपशिल बमोजिमका क्रियाकलापहरु सम्पन्न गरेको छ ।

- सूचीकृत बेरोजगार व्यक्तिहरुको विवरण २४८४ रहेको,
- बेरोजगार व्यक्तिहरुको प्राथमिकीकरण गरी वेबसाइटमा प्रकाशन गरिएको,
- प्राविधिकसँग समन्वय र सहकार्य गरी योजनाहरुको लागतमा आधारित रहि गर्नुपर्ने कामहरुको विस्तृत विवरण सहितको डिजाइन इष्टमेट गरी काम गरिएको,
- प्रत्येक वडाका सूचीकृत गरिएका बेरोजगार व्यक्तिहरु मध्ये बाट मुख्य प्राथमिकीकरणका आधारमा केहि व्यक्तिहरु छनोट गरी उपभोक्ता समिति गठन गरी काममा खटाईयो ।
- यस पालिका भरी जम्मा २० वटा रोजगारमूलक योजनाहरुको सत प्रतिशत काम सम्पन्न र भुक्तानी समेत गरिएको,
- नगरपालिका भरी जम्मा ९३ जनाले १०० दिन बराबरको रोजगारी पाएको,
- आ.व. २०८१।०८२ का लागि बेरोजगारको आवेदन सम्बन्धी सूचना प्रसारण र प्रत्येक वडाबाट निवेदन संकलन गरिएको,

- रोजगार सेवा केन्द्रमा दर्ता गरिएका पत्र संख्या जम्मा ६० र चलानी गरिएक पत्र संख्या जम्मा १२ वटा रहेका,
- आगामी आ.व.का लागि नीति तथा कार्यक्रम पेश गरेको,
- स्थानीय तहको रोजगार रणनीति तर्जुमा/कार्यान्वयन गर्न सुझावहरु संकलनको लागि सुचना जारी गरिएको
- नगरपालिकाका सबै वडामा श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम संचालन गरिएको,
- नियमित रुपमा रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा विवरण अद्यावधिक भईरहेको ।

## ६.१. संचालन गरी सम्पन्न गरिएका आयोजनाहरुको विवरण

चालु आ.व. २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस मंगलसेन नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र द्वारा संचालन गरी सम्पन्न गरिएका आयोजनाहरुको पूर्ण विवरण तल प्रस्तुत गरिएको छ ।

| क्र.स | आयोजनाको नाम | वडा नं. | श्रमिक संख्या | श्रमिकलाई उपलब्ध गराइएको काम दिन संख्या | श्रमिकको ज्याला बाफतको भुक्तानी रकम(१% कर सहित) | ज्याला भुक्तानीको माध्यम | ज्याला रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | भट्टेमालिका पर्यटकीय पदमार्ग निर्माण कार्य | १ | ८ | १०० | ५२९०५६ | श्रमिकको बैङ्क खाता मार्फत | नेपाल सरकार |
| २ | गाईसुरीगडा देखि छायातडा सम्म गोरेटो बाटो निर्माण कार्य | २ | ३ | १०० | १९८३९६ | श्रमिकको बैङ्क खाता मार्फत | नेपाल सरकार |
| ३ | तिखडाबुढाखाँद तथा तिखाडा खाल्डाँडा ग्रामिण सडक तथा नालि निर्माण कार्य | ३ | ८ | १०० | ५२९०५६ | श्रमिकको बैङ्क खाता मार्फत | नेपाल सरकार |
| ४ | वडा कार्यलयको घेरापर्खाल निर्माण कार्य | ४ | ७ | १०० | ४६२९२४ | श्रमिकको बैङ्क खाता मार्फत | नेपाल सरकार |
| ५ | आधारभूत स्वास्थ्य केन्द्रको घेरा पर्खाल निर्माण कार्य | | | | | | |
| ६ | वडाको गोरेटो तथा मुख्य सडक मर्मत कार्य | ५ | ७ | १०० | ४६२९२४ | श्रमिकको बैङ्क खाता मार्फत | नेपाल सरकार |
| ७ | गंगा मा वि को घेरापर्खाल निर्माण कार्य | ६ | ५ | १०० | ३३०६६० | श्रमिकको बैङ्क खाता मार्फत | नेपाल सरकार |
| ८ | गोरेटो बाटो निर्माण तथा मर्मत कार्य | | | | | | |
| ९ | ठुलासैन कवासे सडक मर्मत कार्य | ७ | ५ | १०० | ३३०६६० | श्रमिकको बैङ्क खाता मार्फत | नेपाल सरकार |
| १० | बाडि खौला पर्खाल निर्माण तथा | | | | | श्रमिकको | नेपाल |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग्राउण्ड कटिङ्ग कार्य | ८ | ५ | १०० | ३३०६६० | बैङ्क खाता मार्फत | सरकार |
| ११ | कालिका आ वि ग्राउण्ड कटिङ्ग कार्य | | | | | | |
| १२ | कैलाश खोला देखि चल्लीकोट सम्म सडक नालि निर्माण कार्य | ९ | ५ | १०० | ३३०६६० | श्रमिकको बैङ्क खाता मार्फत | नेपाल सरकार |
| १३ | जोगेनीबाडा जुपू आधारभूत स्वास्थ्य केन्द्र जोडने गोरेटो बाटो मर्मत तथा निर्माण कार्य | १० | ५ | १०० | ३३०६६० | श्रमिकको बैङ्क खाता मार्फत | आई डि ए |
| १४ | लुगाडा औडिपाटा गोरेटो बाटो निर्माण तथा मर्मत कार्य | | | | | | |
| १५ | कैलाश खोला देखि करालिगडा सम्मको गोरेटो बाटो मर्मत तथा निर्माण कार्य | ११ | ५ | १०० | ३३०६६० | श्रमिकको बैङ्क खाता मार्फत | आई डि ए |
| १६ | ठाटिखाँद देखि चौपात सम्मको ग्रामिण सडकको मर्मत तथा नालि निर्माण कार्य | १२ | ९ | १०० | ५९५१८८ | श्रमिकको बैङ्क खाता मार्फत | आई डि ए |
| १७ | खाल्डाँडा वाँडा रिमासैन सडक मर्मत कार्य | १३ | १२ | १०० | ७९३५८४ | श्रमिकको बैङ्क खाता मार्फत | आई डि ए |
| १८ | रिमासैन बस्ती कानेखोला सडक मर्मत कार्य | | | | | | |
| १९ | कानेखोला डाँडिगडे कुयापानि सडक मर्मत कार्य | | | | | | |
| २० | पुनालीगडा पानीमूल संरक्षण तथा रिर्चाज पोखरी निर्माण कार्य | १४ | ९ | १०० | ५९५१८८ | श्रमिकको बैङ्क खाता मार्फत | आई डि ए |
| | जम्मा | | ९३ | १४०० | ६१,५०,२७६ | | |

## रोजगार सेवा केन्द्रको बजेट र खर्च विवरण

| क्र स | बजेटको स्रोत | कुल बजेट | रोजगारी सिर्जना तर्फको कुल रकम | १%सहित ज्यालामा खर्च भएको कुल रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाल सरकार | ४३००००० | ३५,८०००० | ३५,०४,९९६ | ९८.८९% |
| | | | | | |
| २ | आई डि ए | ४३,१२००० | २६,७२००० | २६,४५,२८० | १००% |
| | जम्मा | ८६,१२००० | ६२,५२००० | ६१,५०,२७६ | ९९.३५% |

### ७. आयोजनाको अनुगमन तथा मूल्याङ्कन

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु संचालनको क्रममा प्राविधिक सहित नगर उप-प्रमुख, वडा अध्यक्ष तथा रोजगार संयोजक द्वारा अनुगमन गरिएको थियो ।

अनुगमनको क्रममा देखिएका सकारात्मक पक्ष तथा सुझावहरु निम्नानुसार रहेका छन।

- छोटो अवधिको आयोजना भए पनि प्रभावकारी रुपमा कार्य सम्पादन हुने गरेको,
- आयोजनाको लक्ष्यको तुलनामा सम्पादित कामको परिणाम राम्रो रहेको, वडाको मुख्य सडक लगायत छोटो दुरीका गोरेटा बाटाहरु र अन्य सडकहरुको समेत मर्मत सुधार भएको,
- कुल ९३ जना श्रमिकले अधिकतम १०० दिनको रोजगारी पाएकाले समयको अधिकतम उपयोग भएको,
- आयोजना अवधिमा कुल ९३०० रोजगार दिनको रोजगारी सृजना भएको,
- न्यूनतम रोजगारीमा खटिएका सबै श्रमिकको बैंक खाता मार्फत ज्याला रकम भुक्तानी गरिएको,
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजनाहरु बेरोजगार व्यक्तिहरुको लागि रोजगारी दिने कार्यक्रम भएको।

## अनुगमनको निश्कर्ष:

यस मंगलसेन नगरपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सन्तोषजनक रहेको र डिजाइन ईस्टिमेट अनुसार नै काम भई श्रमिकहरुको ज्याला भुक्तानीको लागि बैंक खाता खोल्न लगाई श्रमिकहरुको ज्याला वाफतको रकम बैंकबाट भुक्तानी गरिने भएकाले यो कार्यक्रम पारदर्शी र प्रभावकारी हुने गरेको छ।

## ८. कार्यक्रमका मुख्य उपलब्धीहरु

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/०८० न्यूनतम रोजगारीमा आवद्ध हुन कुल २४८४ जना बेरोजगार व्यक्तिहरुले निवेदन दिएका व्यक्तिहरु मध्ये यस आर्थिक वर्षमा २०८०।०८१ मा जम्मा कुल ९३ जनाले १०० दिनको रोजगारी प्राप्त गरेका छन भने केहि उपलब्धिहरु पनि भएका छन ।

## ९. कार्यक्रमका अवसरहरु

- न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन हुनु,
- रोजगारदाता र बेरोजगार व्यक्तिहरुको सहजताको रोजगार सेवा केन्द्र मार्फत रोजगार विनिमय सेवा संचालनको लागि आधार तयार हुदै जानु,
- बेरोजगार युवाहरुलाई स्थानीय स्तर मै रोजगारीमा पदस्थापनका लागि मागका आधारमा सीप विकास तालिम संचालन हुने व्यवस्था हुनु,
- न्यूनतम पारिश्रमिकको कानूनी व्यवस्था हुनु,
- रोजगार सेवा केन्द्रलाई रोजगार बैंकको रुपमा विकास गर्न सकिन्छ।

## १०. कार्यक्रमका चुनौतीहरु

मंगलसेन नगरपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आगामी दिनमा थप व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्न आवश्यक औजार, उपकरण तथा निर्माण सामाग्री र कन्टेन्जेन्सी वाफतको बजेट व्यवस्थापन गर्नु, स्थानीय तहको लागत साझोदारीको

अभाव हुनु, रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउनु सबैको भूमिका आवश्यक रहेको देखिन्छ। यस नगरपालिका भित्र संचालन हुने सम्पूर्ण विकाश निर्माण पूर्वाधार योजनाहरुमा लागत साझेदारी गरि कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ।

## ११. सल्लाह र सुझावहरु

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आगामी दिनमा थप प्रभावकारी रुपमा कार्य सम्पादन गर्नका लागि केहि सुझावहरु यस प्रकार रहेको छ।

- निजि, सहकारी तथा गैर सहकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी विभिन्न क्षेत्रहरुमा थप रोजगारीका अवसरहरु सिर्जना गर्नु पर्ने,
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी रुपमा संचालन गर्न स्थानीय तहले यस कार्यक्रम प्रति विशेष ध्यानदिनु पर्ने,
- बेरोजगार व्यक्तिको सूचिमा सुचिकृत हुन रोजगार सेवा केन्द्रमा निवेदन दिएका व्यक्तिहरु वास्तविक रुपमा बेरोजगार हो वा होईन भनि प्रमाणित गर्ने काम स्थानीय तहको हुनाले स्थानीय तहले निष्पक्ष, प्रतिबद्ध र जनतामुखी हुन पर्ने,
- संचालन गर्दा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई नै काममा लगाउनु पर्ने,

## १२. कार्यक्रममा भएको खर्च/वित्तिय प्रगति

रोजगार सेवा केन्द्रको समग्र कुल बजेट रु. ८६,१२०००

नेपाल सरकार तर्फको बजेट रु. ४३०००००

आई डि ए तर्फको बजेट रु. ४३१२०००

जसमध्ये योजनामा खर्च भएको कुल रकम रु. ६२,१२,४००

नेपाल सरकारको तर्फबाट खर्च भएको रकम रु.४२१८९१७

आई डि ए तर्फको बजेट बाट खर्च भएको रकम रु. ४२५०९८०

समग्र खर्च भएको कुल रकम रु. ८४,६९,८९७

## १३. निश्कर्ष

संविधानको धारा ३३ मा भएको रोजगारी सम्बन्धी हकलाई कार्यान्वयन गर्नका लागि रोजगारीको अवसर सम्बन्धी सूचना उपलब्ध गराउने, रोजगारमूलक तथा सीपमूलक तालीम प्रदान गर्ने, बैङ्क तथा वित्तीय संस्था मार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गराउने, स्वरोजगार सृजना गर्ने जस्ता बेरोजगार सहायता कार्यक्रम सञ्चालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत देशमा आन्तरिक रोजगारी सृजना गर्ने तिर ध्यान केन्द्रित गरी यस कार्यक्रमलाई अगाडी बढाउनु उपयुक्त देखिन्छ । यस नगरपालिकामा संचालन भएको प्रधानमन्त्री रोजगार कार्यक्रम छोटो समयमा जनता माझ लोकप्रिय भएको छ जसको पुष्टि कार्यक्रम फेरि कहिले देखि सुरु हुन्छ भन्दै बेरोजगारहरुले बारम्बार रोजगार सेवा केन्द्रमा फोन तथा संपर्क गर्नुले पनि प्रष्ट गरेको छ । विहान देखि वेलुकी सम्म काम गर्दा ५०० रुपैया कमाउन पनि मुस्किल पर्ने यहाँको महिला समुदाय विच यो कार्यक्रम प्रभावकारी देखिएको छ भने यसलाई नगरपालिकाका अन्य भौतिक पूर्वाधारका

योजनाहरुसंग जोडेर लैजान सके र रोजगारदाता निकायहरुलाई नगरपालिकाको मातहतमा सुचिकृत गर्न सके यो कार्यक्रम देशकै एउटा सफल कार्यक्रम हुने देखिन्छ ।

**अनुसूची १**

**प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित वडा नं. १ देखि १४ वटै वडाका आयोजनाहरुका फोटाहरु**

**वडा नं. १ आयोजनाः भट्टेमालिका पर्यटकीय पदमार्ग निर्माण कार्य**



वडा नं. २

**आयोजनाः गाईसुरीगडा देखि छायातडा सम्म गोरेटो बाटो निर्माण कार्य**



वडा नं. ३

**आयोजनाः तिखडाबुढाखाँद तथा तिखाडा खाल्डाँडा ग्रामिण सडक तथा नालि निर्माण कार्य**



## वडा नं. ४

**आयोजनाः वडा कार्यलयको घेरापर्खाल निर्माण कार्य र आधारभूत स्वास्थ्य केन्द्रको घेरा पर्खाल निर्माण कार्य**



## वडा नं. ५

**आयोजनाः वडाको गोरेटो तथा मुख्य सडक मर्मत कार्य**

**वडा नं. ६**

**आयोजनाः गंगा मा वि को घेरा पर्खाल निर्माण कार्य**



**वडा नं. ७**

**आयोजनाः ठुलासैन कवासे सडक मर्मत कार्य**



**वडा नं. ८**

आयोजनाः कालिका आ वि ग्राउण्ड कटिङ्ग कार्य र बाडि खौला पर्खाल निर्माण तथा ग्राउण्ड कटिङ्ग कार्य



**वडा नं. ९**

आयोजनाः कैलाश खोला देखि चल्लीकोट सम्म सडक नालि निर्माण कार्य



**वडा नं. १०**

आयोजनाः लुगाडा औडिपाटा गोरेटो बाटो निर्माण तथा मर्मत कार्य



**वडा नं. ११**

**आयोजनाः कैलाश खोला देखि करालिगडा सम्मको गोरेटो बाटो मर्मत तथा निर्माण कार्य**



**वडा नं. १२**

आयोजनाः ठाटिखाँद देखि चौपात सम्मको ग्रामिण सडकको मर्मत तथा नालि निर्माण कार्य



**वडा नं. १३**

आयोजनाः रिमासैन बस्ती कानेखोला सडक मर्मत कार्य र कानेखोला डाँडिगडे कुयापानि सडक मर्मत कार्य



**वडा नं. १४**

आयोजनाः पुनालीगडा पानीमूल संरक्षण तथा रिर्चाज पोखरी निर्माण कार्य

**अनुसूची २**

वडा नं. देखि १४ वटै वडामा श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम संचालन गरिएका फोटाहरु

**वडा नं १**




**वडा नं. २**

**वडा नं. ३**




वडा नं. ४

वडा नं. ५




वडा नं. ६

## वडा नं. ७




## वडा नं. ८

## वडा नं. ९


श्रमको सम्मान राष्ट्रको अभियान
प्रधानमन्त्री रोजगार कार्यक्र
आ.व. २०८०/८१
उपभोक्ता समितिका पदाधिकारी तथा
जनप्रतिनिधिहरुलाई योजना कार्यान्वयन सम्बन्धि
अनुशिक्षण कार्यक्रम

**वडा नं. १०**

**वडा नं. ११**



कुनै सुझाव, सल्लाह र अपेक्षा ?

धन्यवाद नमस्कार !!